# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ ११ गते २०५८ साल (पूर्वाितिरिक्ताङ्क ६४ (ग)

## भाग ३

### श्री ५ को सरकार
### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयले शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष जग्गा समस्या समाधानको लागि देहाय बमोजिमको एक समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकेको छः–

१. समितिको गठनः समितिको गठन देहायबमोजिम हुनेछः–

(क) क्षेत्रीय वन निर्देशक, सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय –अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी वा निजको प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर –सदस्य

(ग) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, कञ्चनपुर –सदस्य

(घ) अधिकृत, ५ नं. नापी गोश्वारा –सदस्य

(ङ) जिल्ला प्रहरी प्रमुख, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर –सदस्य

(च) जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, कञ्चनपुर –सदस्य

(छ) प्रमुख संरक्षण अधिकृत, शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय, कञ्चनपुर –सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०१२

२. समितिको काम र कर्तव्यः समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षभित्र परेका जग्गाको सट्टा भर्ना पाएको जग्गा र साविकको जग्गा समेतमा दोहोरो भोगचलन गरेका परिवारलाई आरक्ष विस्तार क्षेत्रबाट हटाउने,

(ख) शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष क्षेत्रमा परेको जग्गाको सट्टा भर्ना दिन छुट्याइएको बाँकी जग्गामा अनधिकृत रूपमा बसोबास गरेका व्यक्तिहरूलाई हटाई जग्गा सट्टा भर्ना दिनुपर्ने परिवार एकिन गरी सो जग्गाबाट जग्गा सट्टा भर्ना दिने,

(ग) रौतेली बिचवा गाउँ विकास समिति वडा नं. २ का केही परिवार तथा सोही गाउँ विकास समितिको वडा नं. ३ देखि ६ सम्मका लगतवाला परिवारहरूलाई जग्गा सट्टा भर्ना दिई सो क्षेत्र खाली गराउने तथा झलारी, पिपलाडी तथा देखतभुली गाउँ विकास समितिका समेत सट्टा भर्ना दिन बाँकी परिवारहरूलाई जग्गा सट्टा भर्ना दिई त्यहाँबाट उठाई आरक्ष क्षेत्र खाली गराउने,

(घ) जग्गा समस्या समाधान समितिलाई सुम्पिएको काममध्ये बाँकी काम कारवाही सम्पन्न गर्ने।

३ समितिको अधिकारः समितिको अधिकार देहायबमोजिम हुनेछ :–

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सो समितिका अध्यक्षलाई उक्त समिति कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी देहायका कानून अन्तर्गत देहायका अधिकारहरू प्रदान गर्नेः–

(क) वन ऐन, २०४९ को परिच्छेद २ अन्तर्गत राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था सम्बन्धमा जिल्ला वन अधिकृतलाई भएका अधिकारहरू,

(ख) (नाप जाँच) ऐन, २०१९ को दफा ३ प्रयोजनको लागि जग्गा (नाप जाँच) नियमावली, २०३२को नियम ३,७,८ र १२ बमोजिमका अधिकारहरू,

(ग) मालपोत ऐन, २०३४ को दफा २४, २९ र ३० बाहेकका अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालयका प्रमुखलाई भएका अधिकारहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ र ६(ख) अनुसार प्रमुख जिल्ला अधिकारीलाई भएका अधिकारहरू,

(ङ) बिगतका समितिबाट वितरण गरिएका जग्गामध्ये अनियमित तवरबाट प्राप्त गरिएको जग्गाको सम्बन्धमा छानविन गरी स्वामित्व रद्द गर्ने।

४. कर्मचारीको व्यवस्था: समितिले आश्यकता अनुसार अन्य कार्यालयबाट कर्मचारी झिकाई काममा लगाउन सक्नेछ।

५. समितिको कार्यावधि: समितिको कार्यावधि २०५९ साल असार मसान्तसम्म कायम हुनेछ।

६. बैठक व्यवस्था: समितिको बैठक आवश्यकता अनुसार बस्ने छ। समितिले आवश्यक सम्झिएका महानुभावहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उप सचिव (कानून)



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २०७६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।